# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

## आ.व. ०८२/८३ को का.पा. बैठक संख्याः- ११

मिति-२०८२।११।१२ बैठक प्रारम्भ- ७:०० बजे

चैनपुर नगरपालिकाका नगर प्रमुख श्री कृष्ण कुमार तामाङज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको एघारौं बैठक निम्न पदाधिकारीहरूको उपस्थितिमा नगर कार्यपालिकाको कार्यालयमा बसि निम्न अनुसारको निर्णयहरू गरियो।

| क्र.सं. | पद | पदाधिकारीको नामथर , | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कृष्ण कुमार तामाङ | |
| २ | नगर उपप्रमुख- | श्री एलिना श्रेष्ठ | |
| ३ | सदस्य(१ नं. वडाध्यक्ष) | श्री बुद्धिमान् लिम्बु | |
| ४ | सदस्य(२ नं. वडाध्यक्ष) | श्री फुर्दावा शेर्पा | |
| ५ | सदस्य(३ नं. वडाध्यक्ष) | श्री बल बहादुर अधिकारी | |
| ६ | सदस्य(४ नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| ७ | सदस्य(५ नं. वडाध्यक्ष) | श्री काली बहादुर लिम्बु | |
| ८ | सदस्य(६ नं. वडाध्यक्ष) | श्री शिखर शर्मा | |
| ९ | सदस्य(७ नं. वडाध्यक्ष) | श्री नगेन्द्र कार्की | |
| १० | सदस्य(८ नं. वडाध्यक्ष) | श्री देवराज राई | |
| ११ | सदस्य(९ नं. वडाध्यक्ष) | श्री शान्तीबहादुर कार्की | |
| १२ | सदस्य(१० नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| १३ | सदस्य(११ नं. वडाध्यक्ष) | श्री तिर्थ बहादुर राउत | |
| १४ | सदस्य | श्री युव कुमारी घले गुरुङ | |
| १५ | सदस्य | श्री मञ्जु न्यौपाने शर्मा | |
| १६ | सदस्य | श्री निर्मला लिम्बु | |
| १७ | सदस्य | श्री चन्द्रावती तिखत्री | |
| १८ | सदस्य | श्री यशोदा कार्की | |
| १९ | सदस्य | श्री गंङ्गा राई | |
| २० | सदस्य | श्री शिवराज राई | |
| २१ | सदस्य | श्री सुवास राई | |
| २२ | सचिव | श्री ओमकार प्रसाद न्यौपाने | |



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

## चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८२/८३ को कार्यपालिका बैठक संख्याः- ११

चैनपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चैनपुर, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल
स्था: २०७३

मिति-२०८२।११।१२ बैठक प्रारम्भ- ७:०० बजे

प्रस्तावहरूः

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।
२. सडकवोर्ड योजना तथा साझेदारी सम्बन्धमा ।
३. विद्यालय भवन निर्माण सम्बन्धमा ।
४. विविध ।
क. मकै मूल बीउ वितरण सम्बन्धमा ।
ख. चैनपुर नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०८२
ग. पर्यटन भ्रमण बर्ष, २०८२ / चैनपुर मोहत्सव सम्बन्धमा ।
घ. कृषि तथा पशु मेला र घुम्ति शिविर सम्बन्धमा ।
ङ. भू परिधि नीति तथा भू उपयोग योजना सम्बन्धमा ।
च. प्रोत्साहन भत्ता सम्बन्धमा ।
छ. जग्गा बर्गिकरण सम्बन्धमा ।
ज. योजना/कार्यक्रम संसोधन सम्बन्धमा ।
झ. आर्थिक सहयोग सम्बन्धमा ।



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

## आ.व. ०८२/८३ को का.पा. बैठक संख्याः- ११

मिति-२०८२।११।१२ बैठक प्रारम्भ- ७:०० बजे

निर्णयहरू

<u>निर्णय नं. १.</u> प्रस्ताव नं. १ उपर छलफल गर्दा मिति २०८२/१०/२६ गते बसेको कार्यपालिका बैठकको समीक्षा गरियो ।

<u>निर्णय नं. २.</u> प्रस्ताव नं. २ उपर छलफल गर्दा सडक वोर्ड र नगरपालिकाको साझेदारी ( रु २५०००००+ रु १०७१५००) को लागि खराङ बजार सडक स्तरोन्नती एवं चैनपुर भञ्याङखर्क सडक स्तरोन्ती योजना छनौट गरी बार्षिक कार्यक्रम अन्तर्गत खराङ बजार सडक स्तरोन्नती को लागि रु २२५००००। को लागत इस्टमेट र चैनपुर भञ्याङखर्क सडक स्तरोन्तीको लागि रु १३२१०००।को लागत इस्टमेट स्वीकृत गरी कार्यान्वियन गर्न सहमतीको लागि सडक वोर्ड नेपाल समक्ष पेश गर्ने निर्णय गरियो ।साथै समपुरको कोष व्यवस्थापनको लागि बार्षिक स्वीकृत कार्यक्रम वन्यजन्तु नियन्त्रण तथा व्यवस्थापन अन्तर्गत नेपाल सरकार समानिकरण अनुदान र आन्तरिक श्रोतको रु १००००००।- एवं भैरहेका उद्यमीहरुलाइ पुनर्ताजकि तालिम(लघु उद्यम विकास कार्यक्रम) शिर्षकको रु ७२०००।- गरी जम्मा रु १०७२०००।- रकमान्तर र शिर्षक परिवर्तन गरी सडक बोर्ड सडक स्तरोन्नती साझेदारी कायम गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ३.</u> प्रस्ताव नं. ३ उपर छलफल छलफल गर्दा

क. राष्ट्रिय शैक्षिक सुधार कार्यक्रम २०८२ अन्तर्गतका ४ कोठे भवन चैनपुर नगरपालिका वडा नं ६ श्री सरस्वती माध्यमिक विद्यालय (माथिल्लो) र चैनपुर नगरपालिका वडा नं ६ श्री सरस्वती माध्यमिक विद्यालय (हिटीटोल)का लागि भवन निर्माण गर्न बजेट प्राप्त भएको । चैनपुर नगरपालिका वडा नं ६ श्री सरस्वती माध्यमिक विद्यालय (माथिल्लो)मा शिक्षा तथा मावन स्रोत विकास केन्द्रले तोकेको मापदण्ड बमोजिम जग्गा नभएको हुँदा भवन निर्माण गर्न हाल विद्यालयको कार्यालय कक्ष भएको भवन र एक्सन एड नेपालद्वारा निर्मित २ भवन विचमा मुनीबाट २ कोठा र माथिबाट २ कोठा गरी ४ कोठा भर्याङ नराखी निर्माण गर्ने(दाँया बायाँमा अर्को भवनको भर्याङ रहेको) र उक्त खालि जग्गाको कुल लम्बाइ ११.८० मीटर र १० मिटर चौडाइ भएकोले उक्त जग्गामा भवन निर्माण गर्न आवश्यक प्रकृया बढाइदिन विद्यालयबाट अनुरोध भइ आएकोले त्यसको लागि विद्यालयको अनुरोध अनुसारको भवनको ड्रइङ डिजाइनका साथ भवन निर्माण गर्न सम्वन्धित निकायबाट अनुमती माग गरी सो अनुसार निर्माण कार्यालाइ अगाडी बढाउने।

ख. चैनपुर नगरपालिका वडा नं ६ को श्री सरस्वती माध्यमिक विद्यालय (माथिल्लो) ले वि सं २०२२ सालमा निर्मित १४ कोठे कच्ची भवन जीर्ण र संकटाभिमुख अवस्थामा रहेको र हाल दाता व्यक्तिहरुको आर्थिक सहयोगबाट १६ कोठे पक्की भवन निर्माण गर्न स्रोत संकलन भइरहेको एवं भवन निर्माण गर्न अर्को स्थान नभएकोले उक्त पुरानो संरचना हटाउन तत्कालिन भवन निर्माताहरुको सहमती लिई सकेकको हुँदा हटाउने भत्काउने सम्बन्धमा अनुमती माग गरेको हुँदा सिफारिस गरिदिन अनुरोध भई आएकोले नगरपालिकाबाट प्राविधिक मूल्यकंन गरि विद्यालय स्वयमले भत्काउने गरी अनुमती दिने निर्णय गरियो ।

ग. राष्ट्रिय शैक्षिक सुधार कार्यक्रम २०८२ अन्तर्गतका ४ कोठे भवन श्री सरस्वती माध्यमिक विद्यालय (हिटीटोल)मा भवन निर्माण गर्नको लागि विद्यालयको उत्तरतर्फको चैनपुर बाहविसे सडक छेउको भवन भत्काउनु पर्ने भनी त्यसको अनुमती तथा सामाग्री मूल्याकंन गरी विक्रि गर्नको लागि विद्यालयवाट अनुरोध भइ आएको हुँदा नगरपालिकाबाट प्राविधिक मूल्यकंन गरि विद्यालय स्वयमले भत्काउने गरी अनुमती दिने निर्णय गरियो ।

<u>निर्णय नं. ४.</u> विविध

द्रष्टव्यः निर्णयसँग सम्वन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

## आ.व. ०८२/८३ को का.पा. बैठक संख्याः- ११

मिति-२०८२।११।१२ बैठक प्रारम्भ- ७:०० बजे

क. चैनपुर नगरपालिकाको स्वीकृत बार्षिक कार्यक्रम अनुसारको मकै मूल बीउ वितरण कार्यक्रम उन्नत बीउ उत्पादन गर्न इच्छुक कृषक एवं कृषि सहकारीबाट निवेदन पेश गर्ने सूचना गरी प्राप्त निवेदनको आधारमा पुर्ण अनुदानमा दिने निर्णय गरियो ।

ख. चैनपुर नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

ग. पर्यटन भ्रमण बर्ष २०८२ / चैनपुर मोहत्सव को लागि नगर उपप्रमुख एलिना श्रेष्ठको संयोजकत्वमा सबै वडाध्यक्षज्यूहरु, उद्योग वाणिज्य संघ समेत स्थानीय संघ संस्थाहरु सदस्य एव उज्वल बस्नेत सचिव रहने गरी मुल समिति गठन गर्ने र सो समितिले चैत्र महिनाको २० देखि २५ गते सम्ममा सम्पन्न गर्ने गरी तयारी गर्ने ।

घ. कृषि मेला संचालन गर्न सयम ढिला भइसकेको हुदा संचालन गर्न नसकिने तथा पशु मेला कार्यक्रम अन्तर्गको बजेटलाइ समेत घुम्ति शिविर शिर्षकमा समावेश गरी चैनपुर -४, मैदानेको विद्यालय र चैनपुर - ११ आहाल डाडाको विद्यालयमा चैत्र महिना भित्रमा सार्वाजनिक बिदाको दिनमा घुम्ति शिविर संचालन गर्ने निर्णय गरियो ।

ङ. चैनपुर नगरपालिकाको भू परिधि नीति तथा भू उपयोग योजना तयार गर्न वन डिभिजन कार्यालय संखावासभालाइ तयार गरिदिन अनुरोध गर्ने र वन डिभिजन कार्यालय सँग नीति र योजना तयार गर्न नगरपालिकाले समन्वय र सहकार्य गर्ने निर्णय गरियो ।

च. चैनपुर नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई कार्यालय समय वाहेक थप अतिरिक्त कार्य गरेबापत सवारी चालक पुण्य प्रासद न्यौपाने र कार्यालय सहयोगी उमेश कुमार राइलाइ २०८२ श्रावण देखि २०८३ असार महिना सम्मको प्रतिमहिना रु ५०००।का दरले थप अतिरिक्त भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

छ. चैनपुर नगरपालिका वडा नं ६ साविक चैनपुर ४ का मनिष श्रेष्ठको नाममा दर्ता कायम रेहेको कि नं १२०८ र १०६४ क्षेत्रफल ४५९ र २४० व मि को जग्गा, चैनपुर नगरपालिका वडा नं ६ साविक चैनपुर ४ का सिता श्रेष्ठको नाममा दर्ता कायम रेहेको कि नं १२१२ क्षेत्रफल ५६३ व मि को जग्गा र चैनपुर नगरपालिका वडा नं ६ साविक चैनपुर ४ का रश्मी श्रेष्ठको नाममा दर्ता कायम रेहेको कि नं १२१० र १३०५ क्षेत्रफल २३६ र १६८ व मि को जग्गा वर्गिकरण छुट भएको हुँदा भू वर्गिकरण नियमावली अनुसार आवासिय क्षेत्रमा वर्गीकरण गर्ने निर्णय गरियो ।

ज. वार्षिक कार्यक्रम तथा बजेट किताबको क्र सं ४६०, ४६१ र ४६२ का कार्यक्रम तथा रकमलाइ एकीकृत गरी महिला तथा बालबालिका लक्षित कार्यक्रम शिर्षक परिवर्तन गर्ने निर्णय गरियो ।

झ. तपसिल बमोजिमका व्यक्ति संस्थालाइ आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

| क्र स | नाम थर ठेगाना | सहयोग रकम रु | शिर्षक | कै |
|---|---|---|---|---|
| १ | गणेश बहादुर दाहाल चैनपुर ११ | रु ३६०००।(जस्तापाताको विल अनुसार आर्थिक सहायता दिने) | | आगलागि |
| २ | टंक बहादुर अधिकारी चैनपुर ११ | रु ३००००। | | छोरा विरामी |
| ३ | सोना राइ चैनपुर १० | रु १५०००। | | बाबुको मृत्यु भएको |

उल्लिखित निर्णयहरू गर्दै आजको बैठक बिहान १०:३० बजे यही अन्त्य गरियो ।



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।